नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुरको

# २०७४ सालको  एसईई पूरक (ग्रेडवृद्धि) परीक्षासम्बन्धी संशोधित सूचना

२०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा साधारण तथा प्राविधिक धारतर्फ नियमित तथा एक्जेम्टेड समूहबाट परीक्षामा सम्मिलित भई सैद्धान्तिकतर्फ कुनै दुई विषयमा मात्र C, $D^+$, D वा E ग्रेड प्राप्त गरेका वा बढीमा २ विषयसम्म अनुपस्थित रहेका वा दुई विषयसम्ममा ग्रेड उल्लेख नभएका परीक्षार्थीहरूका लागि २०७५।३।९ गतेको राष्ट्रिय परीक्षा बोर्डको निर्णयानुसार पूरक (ग्रेडवृद्धि) परीक्षा २०७५ साल साउन २३ गते बुधबारबाट सञ्चालन हुने भएकोले उक्त परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले २०७४ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को मूल परीक्षाको नियमित तथा एक्जेम्टेड समूहबाटै उपलब्ध गराइएको प्रवेशपत्रको आधारमा निम्न प्रक्रिया पूरा गरी सम्बन्धित विद्यालय मार्फत् शिक्षा विकास तथा समन्वय इकाईमा **२०७५ साल असार २५** गतेभित्र तोकिएको ढाँचामा फोटो टाँसी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सम्बन्धित **शिक्षा विकास तथा समन्वय इकाईह**रूले यसै सूचनालाई आधार मानी आवश्यक व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

१. आवेदन दस्तुर प्रति परीक्षार्थी रु ५००।–(पाँच सय) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय सानोठिमीमा रहेको च.हि.नं. १७३०००२६३४०१ वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय ठिमीमा रहेको च.हि.नं. २३३००१००६१५५३३००००01 मा जम्मा हुने गरी मिति **२०७५ साल असार २४ गतेभित्र दाखिला गर्नुपर्नेछ ।** विलम्ब दस्तुर तिरी आवेदन दिने व्यवस्था गरिएको छैन ।
२. निवेदनको ढाँचा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० website: www.soce.gov.np वा राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.npबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
३. आवेदन फारामसाथ निम्न कागजातहरू संलग्न गर्नुपर्नेछः
   (क) माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ को ग्रेडसिट/ग्रेड लेजरको प्रतिलिपि,
   (ख) माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ मा सामेल हुँदाको प्रवेशपत्रको प्रतिलिपि,
   (ग) तोकिएको दस्तुर बुझाएको बैङ्क भौचर ।
४. **प्रवे**शपत्रको **व्यवस्था**: माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ को प्रवेशपत्र नै पूरक परीक्षाको लागि प्रवेशपत्र कायम गरिएको हुँदा सोही प्रवेशपत्रमा उल्लेखित सिम्बोल नम्बरबाट परीक्षा दिनुपर्नेछ ।
५. प्रवेशपत्र हराएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले परीक्षार्थीहरुको फोटो प्रमाणित गरी बोर्डको उल्लेखित बैंक खातामा रु. ५०।-(पचास) शुल्क बुझाई शिक्षा विकास तथा समन्वय इकाईमा सिफारिस साथ पेश गर्नुपर्नेछ । पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुने प्रयोजनका लागि प्रतिलिपि प्रवेशपत्र उपलब्ध गराउने व्यवस्था सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईले गर्नेछ ।
६. शिक्षा विकास तथा समन्वय इकाईहरुले पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीहरुको विवरण विद्यालयगत रुपमा विषय समेत खुल्ने गरी २०७५ साल असार मसान्त भित्र अनिवार्य रुपमा **परीक्षा नियन्त्रण कार्यालय कक्षा १०** मा आइपुग्ने गरी पठाउनुहुन र परीक्षार्थीहरूले बुझाएको आवेदन फाराम ६ महिनासम्म सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले नै सुरक्षित राख्नुहुन अनुरोध छ ।

**राष्ट्रिय परीक्षा बोर्ड**
**सानोठिमी, भक्तपुर**
**फोन नं. : ६६३०७४७**